# बुद्धशान्ति गाउँपालिकाको श्रम डेस्क संचालन कार्यविधी (पहिलो संशोधन), २०८२

राजपत्रमा प्रकाशित मिति २०८३/०३/१८

**प्रस्तावनाः** बुद्धशान्ति गाउँपालिकाको श्रम डेस्क संचालन कार्यविधी, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बुद्धशान्ति गाउँपालिकाको श्रम डेस्क कार्यविधी (पहिलो संशोधन), २०८३" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. बुद्धशान्ति गाउँपालिकाको श्रम डेस्क संचालन कार्यविधी, २०८२ मा संशोधनः**

(१) बुद्धशान्ति गाउँपालिकाको श्रम डेस्क संचालन कार्यविधी, २०८२ मा पहिलो संशोधन गरी दफा १२ को उपदफा २ र ३ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

**दफा १२. हित कोषः** (२) उपदफा (१) को प्रयोजनका लागि कोषको सञ्चालन समितिको सिफारिस बमोजिम हुनेछ।

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।यसका लागि उपयुक्त खर्च र आम्दानी शिर्षक छुट्टै बनाई कार्यान्वयन गर्नुपर्ने छ।

आज्ञाले

मनोज कुमार साह

प्रमुख प्रशासकीय अधिकृत